# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ रिब्दीकोट वैशाख १४, २०८१ साल संख्याः १**

**भाग –२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले तल उल्लेख भए अनुसार महिला समूह तथा महिला सञ्जाल गठन, सञ्चालन एवं व्यवस्थापन कार्यविधि, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## महिला समूह तथा महिला सञ्जाल गठन, सञ्चालन एवं व्यवस्थापन कार्यविधि, २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।०५

**प्रस्तावनाः**

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल, एक महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि स्थानीय सेवाको अधिकतम उपयोग गर्न रिब्दीकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “रिब्दीकोट गाउँपालिकाको महिला समुह तथा महिला सञ्जाल गठन, सञ्चालन एंव व्यवस्थापन कार्यविधि, २०८०” रहको छ ।

(२) कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि लागु हुनेछ ।

२. **परिभाषा :**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(ख) “उपाध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

(ख) “वडाध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ ।

(ग) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

(घ) “गाउँपालिका” भन्नाले रिब्दीकोट गाउँपालिकालाई जनाउँछ ।

(ङ) “कार्यपालिका” भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

३. **उद्देश्य :**

महिला समूह सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन् ।

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदायदेखि स्थानिय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकार प्रति सचेत गराउने,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका महिलाहरुलाई विभिन्न जनचेतनामुलक कार्यक्रमहरुमा सहभागि गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सीपमुलक तालिमहरु सञ्चालन गरी आयआर्जनका क्षेत्रमा महिलालाई अगाडि बढाई आर्थिक रुपमा सबल बनाउन सहयोग गर्ने,

(छ) पिछडिएका क्षेत्रहरुमा भईरहेका महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउँने,

(झ) समाजका निति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउदा बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने ।

४. **कार्यक्रम कार्यान्वयन समितिः**

कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि तपशिलको अनुसारको समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यपालिका महिला सदस्य मध्ये कुनै २ जना | सदस्य |
| महिला तथा बालविकास शाखा प्रमुख | सदस्य सचिव |

५. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

क. महिला समूह तथा समितिका सदस्यहरुलाई क्षमता विकासको कार्यक्रम संचालन गर्ने ।

ख. महिलाहरुलाई प्रत्यक्ष लाभ हुने किसिमका कार्यक्रमहरु संचालन गर्नै ।

ग. महिला समितिका सदस्यहरुलाई ३।३ महिनामा बैठक बोलाई आवश्यक छलफलमा भाग लिन लगाउने ।

घ. चालु आ.व. मा आगामी आ.व.को लागि महिला समितिलाई बोलाई कस्तो कार्यक्रम आवश्यक छ छलफल गराउने ।

ङ. प्रत्यक्ष देखिने कार्यक्रम नगर्ने महिला समूहलाई खारेज गर्ने गराउने ।

४. **टोल स्तरीय महिला समूह गठनः**

(१) गाउँपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी महिलाहरुको इच्छा अनुसार एक घर एक महिला रहने गरि एक महिला समूह गठन हुनेछ,

(२) यसरी गठन हुने महिला समूहका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्येक दुई वर्षमा वा आवश्यकता अनुसार आफू पदाधिकार रहेको पद हेरफेर गर्न सक्नेछन्,

(३) महिला समूहका सदस्यहरुले वडा स्तरीय महिला समन्वय समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन र कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन् ।

५. **महिला समूहको काम र कर्तव्यहरुः**

टोल स्तरमा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन् ।

(क) गाउँपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने,

(ख) अन्धविश्वाश, कुरीति, कुप्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक समस्या, विकृती, विसङ्गती को पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(ग) धुम्रपान, मद्यपान तथा लागु पदार्थ दुर्व्यसनी निषेध गर्ने र जुवातास, बन्द गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने,

(घ) टोलमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी शिक्षित, सभ्य, सुसंस्कृत र सुसुचित टोल र समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(ङ) समानतामा आधारित पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(च) उपयुक्त हुने स्थानमा होमस्टेको शुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शनमार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पऱ्याउने ।

६. **वडास्तरीय महिला सञ्जाल गठन :**

(१) वडाभित्र प्रत्येक टोलमा भएका महिला समूहका अध्यक्ष रहेको एक वडास्तरीय महिला समन्वय समिति रहनेछ,

(२) वडास्तरीय महिला समन्वय समितिमा सहमतीका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्,

(३) यसरी गठन भएको वडास्तरीय महिला समन्वय समितिको सदस्य सचिवको रुपमा वडा सचिव रहनेछन् ।

७. **वडास्तरीय महिला सञ्जालका काम तथा कर्तव्यः**

(१) वडास्तरीय महिला सञ्जालले देहायका कार्य गर्नेछ :

(क) महिलाहरुका सबालका विषयमा गाउँपालिका

स्तरीय महिला सञ्जाललाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिलाहरुको हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन्,

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सबालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य, तथ्य विवरण सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) शिक्षित सभ्य, सुसंस्कृत तथा नमुना वडा निर्माणका लागि विकल्पको खोजि गरी लागू गर्ने,

(च) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने ।

८. **गाउँपालिका स्तरीय महिला सञ्जाल गठन :**

महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सांस्कृतीक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न गाउँपालिका उपाध्यक्षको संरक्षक रहने गरी एक गाउँपालिका स्तरीय महिला सञ्जाल गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) प्रत्येक वडास्तरीय महिला समन्वय समितिका पदाधिकारीहरु मध्ये एक एक जना सदस्य रहने गरी

गाउँपालिका स्तरीय महिला सञ्जाल रहनेछ ।

(ख) यसरी गठन हुने गाउँपालिका स्तरीय महिला सञ्जालमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

(ग) यसरी गठन हुने गाउँपालिका स्तरीय महिला सञ्जालमा सञ्जालको सचिवको रुपमा महिला तथा बालबालिका विकास शाखा प्रमुख रहनेछन् ।

**९. गाउँपालिका स्तरीय महिला सञ्जालको काम र कर्तव्यः**

गाउँपालिकामा गठन हुने महिला सञ्जालले देहायका कार्यहरु गर्नेछन् :

(क) महिला अधिकार, महिलाका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँ कार्यपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारीस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारीस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने ।

**१०. महिला समूह/सञ्जाल सूचिकृत हुनुपर्नेः**

(क) टोल स्तरमा गठन भएका महिला समुहहरु वडा कार्यालयमा सुचिकृत हुनुपर्नेछ,

(ख) प्रत्येक वडामा गठन हुने महिला समूह गाउँपालिकाको महिला तथा बालबालिका विकास शाखामा सुचिकृत हुनुपर्नेछ,

(ग) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समूह गठन हुनेछ,

(घ) टोल स्तरीय महिला समुह सुचिकृत हुनका लागि समुह गठन भएको प्रमाणित दस्तावेज, समुहमा रहेका सदस्यहरुको सम्पर्क नं.सहितको विवरण र सुचिकृत हुनका लागि वडामा निवेदन दिई सुचिकृत हुन सक्नेछन,

(ङ) गाउँपालिका स्तरीय महिला सञ्जाल सुचिकृत हुनका लागि समुह गठन भएको प्रमाणित दस्तावेज, समुहमा रहेका सदस्यहरुको सम्पर्क नं.सहितको विवरण र सुचिकृत हुनका लागि गाउँपालिकामा निवेदन दिई सुचिकृत हुन सक्नेछन ।

**११. एक टोल एक महिला समूह हुनेः**

प्रत्येक टोलमा एकभन्दा बढी महिला समूह रहने छैनन् ।

**१२. पुरस्कृत गर्नेः**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१३. समुहको नाम राख्नुपर्नेः**

(क) यस कार्यविधि बमोजिम गठन हुने टोल स्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार राख्नुपर्नेछ ।

(ख) कुनै महिला समूहको नाम गाउँपालिकाको वडा/महिला विकास शाखामा सुचिकृत गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नयाँ महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम राखी सुचिकृत गराउनुपर्नेछ ।

**१४. कोष सम्बन्धी व्यबस्थाः**

महिला समुह र महिला सञ्जालले एउटा कोष खडा गरि उक्त कोषमा मासिक रुपमा बचत गरेको रकम, अनुदान र उक्त समुह/सञ्जालमा प्राप्त भएको रकम राख्न सक्नेछन । कोषमा भएको रकम न्युनतम ब्याजदरमा उत्पादनमुलक र आय आर्जनका कृयाकलापमा सदस्यहरुले आपसी समझदारीमा लगानी गर्न सक्नेछन ।

**१५. विविधः**

(क) यो कार्यविधि लागु हुनु भन्दा पहिले गठन भएका टोल स्तरीय महिला समुह, वडा स्तरीय महिला सञ्जाल तथा गाउँपालिका स्तरीय महिला सञ्जाल यसै कार्यविधि अनुसार गठन भएको मानिने छ ।

(ख) टोल स्तरीय महिला समुह, वडा स्तरीय महिला सञ्जाल तथा गाउँपालिका स्तरीय महिला सञ्जालको प्रत्ययेक तिन तिन वर्षमा पुर्नगठन हुनेछ ।

ग) एक आ.व. मा बढीमा तिन वटा गाउँपालिका स्तरीय महिला सञ्जालको बैठक बस्नेछ र बैठकमा

पदाधिकारीहरुलाई बैठक भत्ता वापत रु.१०००।- र खाजा उपलब्ध गराईनेछ ।

(घ) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा रिब्दीकोट गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन ।

(ङ) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत